# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## दीक्षान्त समारोहमा सरिक हुने दीक्षित विधार्थीहरुको लागि जानकारी

१. **दर्ता प्रकृया** ( Registration Process)

(क) दर्ता प्रकृयाको लागि दीक्षित हुने सवै तह र विधाका विधार्थीहरुले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले जारी गरेको online form मुताविक किटान गरेको सवै बुँदाको अधिनमा रही सबै कार्य पूरा गरि upload भएको अवस्थालाई दर्ता प्रकृया सम्पन्न भएको मानिनेछ ।

(ख) दर्ता प्रकृया पूरा गरेका विद्यार्थीहरुले दीक्षान्त समारोह प्रबेश पास, खानाको कुपन र दीक्षान्त पोशाक लिन तोकिएको मितिमा आफैं उपस्थित भई वा आफैं उपस्थित हुन नसक्ने भएमा आफ्नो मन्जुरीनामा सहित परिवारका अन्य सदस्य वा समकक्षी साथीलाई पठाउन सक्नेछ ।

(ग) दीक्षान्त समारोहमा आफ्नो स्थानको किटानी गर्न दीक्षान्त समारोहको तोकिएको  समय सिमा भन्दा ९० मिनेट अगावै दीक्षान्त समारोह स्थलमा आउनु पर्नेछ ।

(घ) दीक्षित हुने विधार्थीले दीक्षान्त कार्यक्रमका लागि आवश्यक प्रकृया पूरा गरेको तर दीक्षान्त  समारोहमा उपस्थित हुन असमर्थ रहेमा दीक्षान्त कार्यक्रम पश्चात निजका दीक्षान्त सर्टिफिकेट उपलब्ध गराईनेछ ।

**१.२ अतिथि कुपन टिकट ( Guest Tickets)**

(क) प्रत्येक दीक्षित हुने विद्यार्थीहरुलाई आफ्नो अभिभावक वा  आफन्तका लागि दुईवटा प्रवेश पास छुट्याईएको छ ।

(ख) अतिथि टिकट/ कुपन सम्बन्धित विद्यार्थीले आफ्नो दीक्षान्त पोशाक लिन आउँदा तत् सम्बन्धि कार्य गर्न तोकिएको सम्पर्क व्यक्ति वा समिति वा समूहवाट प्राप्त गर्नेछन् ।

(ग) अतिथिहरुको बस्ने स्थान विद्यार्थीको भन्दा फरक तोकिएको स्थानमा हुनेछ ।

**१.३. वालवच्चा र शिशु (children and babies)**

(क) दीक्षित हुने विद्यार्थीहरुको बच्चा र शिशुलाई दीक्षान्त समारोहमा सामेल हुन स्वागत छ तर दीक्षान्त समारोहमा सामेल हुने बच्चाहरुले आमाको स्तनपान गर्नुपर्ने वा घरमा हेरचाह गर्न असमर्थ हुने अवस्थामा मात्र बच्चा/ शिशु समेत अनुमति पाउनेछन् । दीक्षान्त कार्यक्रममा दीक्षित हुने विद्यार्थी र उनका साथमा आउने अभिभावकहरुको बस्ने स्थान फरक फरक हुने, दीक्षान्त कार्यक्रम समारोह लामो र औपचारिक हुने हुँदा बच्चा र शिशुको लागि उपयुक्त हुने वा नहुने तत् सम्बन्धमा विद्यार्थी स्वयंले विचार एंव निर्णय गर्नु उपयुक्त हुनेछ ।

(ख) बुँदा (क) मा भनिएका बच्चा र शिशु भन्नाले दुई वर्ष मुनिका बच्चा वा शिशुलाई सम्झनु पर्छ । यस्ता बच्चा वा शिशुलाई टिकट/ कुपन विना अनुमति दिइनेछ र दीक्षान्त समारोहमा अभिभावक वा अभिभावकको काखमा बसाउनु पर्नेछ ।

(ग) दुई वर्ष वा सो भन्दा माथिका बालवालिकालाई अतिथि टिकट/कुपन गणनामा समावेश गरिनेछ ।

(घ) Baby Push Chair हरु दीक्षान्त समारोह स्थलमा भण्डारण गर्ने सुविधा उपलब्ध गराइनेछ ।

(ङ) दीक्षित विद्यार्थीका १६ वर्ष मूनिका बालवालिका एक वयस्क अभिभावकको साथ हुनुपर्नेछ ।

**१.४. पहुँच आवश्यकता (Accessibility requirements)**

(क) यदि विद्यार्थीसंग आउने अतिथिहरुलाई कुनै विशेष Accessibility आवश्यक छ भने दीक्षान्त समारोह दर्ता प्रकृयामा वा दीक्षान्त समारोह प्रारम्भ हुनु तीन दिन अगावै व्यवस्थापन टोलीलाई जानकारी गर्नुपर्नेछ ।

**१.५. दीक्षीत हुने विधार्थीहरुको बसाई व्यवस्थापन (Seat Arrangement)**

(क) समारोह स्थलमा दीक्षान्तको लागि भाग लिने दीक्षित विधार्थीहरुको Seat Arrangement उनीहरुको कार्यक्रम, तह अनुरुप पूर्ववत रुपमै निर्धारण भई प्रत्येक seat मा उनीहरुको नाम/रजिष्ट्रेशन नं. टाँसिने छ र सोही अनुरुप उनिहरुले स्थान ग्रहण गर्नेछन् । तर उनिहरुका साथमा आउने अतिथि अविभावकको स्थान अलग हुनेछ ।

**१.६. टिकट/कुपनहरु गैर हस्तान्तरण गर्न नपाइने**

(क) एक विद्यार्थीले आफ्नो प्रवेशपास वा कुपन अर्को विद्यार्थीलाई दिन पाउनेछैन ।

(ख) प्रतिष्ठानले अर्को विद्यार्थी/ अतिथि /अविभावकको लागि टिकट/कुपन पास गर्न एक आपस विच गरिएको अनौपचारिक व्यवस्थालाई  मान्यता दिइनेछैन ।

**२. दीक्षान्त पोशाक** (Dress Code)

(क) दीक्षान्त समारोहमा सवै प्रकृया पुरा गरी दर्ता भई दीक्षीत हुने विधार्थीले प्रतिष्ठानले उपलब्ध  गराएको दीक्षान्त पोशाक अनिवार्य लगाई समारोहमा उपस्थित हुनुपर्नेछ ।

(ख) दीक्षान्त पोशाक वितरण र व्यवस्थापन सूचनामा उल्लेख भए अनुसार हुनेछ ।

(ग) दीक्षान्त पोशाक ग्रहण गर्ने विद्यार्थीहरुले दीक्षान्त पोशाक बुझिलिने र बुझाउने कार्यमा आफ्नो ईमानदारीता प्रस्तुत गर्नेछन् । अन्यथा उनीहरुको अभिलेखिकरण प्रतिष्ठानको सम्बन्धित शाखाले जनाउनेछ ।

(घ) विद्यार्थीहरुले दीक्षान्त समारोहमा उपलब्ध गराइएको दीक्षान्त पोशाक (Convocation gown) बाहेक औपचारिक पोषाक लगाउन आग्रह गरिन्छ । पुरुषको हकमा सूट वा दौरा सुरुवाल, महिलाको हकमा साडी चोलो वा ब्लाउज र पाउपोस (Footware) लगाउन आग्रह गरिन्छ ।

**३. समारोहको दिन** (on the day)

**३.१** परिचयको लागि विद्यार्थीहरुले आफ्नो पहिचान खुल्ने आई. डि. कार्ड वा दीक्षान्त निमन्त्रणा कार्ड अनिवार्य बोक्नु पर्नेछ ।

**३.२** सवारी पार्किङ्ग : समारोह स्थलमा पार्किङ्गको समस्या पर्न सक्ने हुँदा विद्यार्थी र निजका अतिथिले लिएर आउने गाडिहरुको वर परको नजिकको स्थानमा पार्किङ्ग गर्न अनुरोध गरिन्छ ।

**३.३**  समय र समय निष्ठता ( Time and Punctuality ) : दीक्षित विधार्थी र उनीहरुका अतिथिहरु दीक्षान्त समारोह सुरु हुने ९० मिनेट अगावै आईपुग्नु पर्नेछ । दीक्षान्त सुरु हुन ३० मिनेट अगाडि विद्यार्थीहरुले गाउन र बसाई सुनिश्चित गरिसक्नु पर्नेछ । समारोह लगभग २ देखि ३ घण्टा समयावधिको रहनेछ ।

**३.४** दीक्षान्त समारोहमा विद्यार्थीहरुले प्रतिज्ञा गर्ने क्रममा दीक्षित हुने सम्पूर्ण विद्यार्थीहरु आफ्नो स्थानबाट उठी कुलपतिबाट प्रतिज्ञा वाचन भए पश्चात तपशिल वमोजिम गर्नु पर्नेछ ।

**प्रतिज्ञा-१**

कुलपतिबाट आज्ञा हुनेछ : “सिफारिस गरिए बमोजिम तपाईहरुलाई आज उपाधि प्रदान गरिएमा के तपाईंहरु प्रतिष्ठानको उद्देश्य अनुरुप प्राथमिकदेखि उच्च स्तरसम्म स्वास्थ्य प्रणालीलई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै पहुँचको दृष्टिकोणले शहरी र ग्रामीण इलाकामा बस्ने जनसमुदायबीच मौजुदा विभेदपूर्ण अवस्थाको सुधार गरी समाजमा सद्भाव फैलाउन, मानवीय संवेदना सहितको गुणस्तरीय सेवा पुऱ्याउन र समुदायका आवश्यकतालाई पूर्ति गर्न धान्न सकिने एकीकृत स्वास्थ्य सेवा प्रणालीको नमूना जनशक्तिको रुपमा स्थापित हुन प्रतिज्ञा गर्नुहुन्छ ?”

प्रत्येक विद्यार्थीले “म प्रतिज्ञा गर्छु ।” भन्नेछन् ।

**प्रतिज्ञा-२**

कुलपतिबाट आज्ञा हुनेछ : “तपाईंहरुलाई प्रदान गरिने उपाधिको नाताले के तपाईंहरु आफूले पूरा गर्नुपर्ने आफ्ना पेशासंग सम्बन्धित कर्तव्यहरु इमान्दारी र होसियारीसाथ पालना गर्दै आफ्नो दैनिक जीवन र यस प्रतिष्ठानको गरिमालाई सुहाउने गरी व्यवहार गर्ने र सदैव स्वच्छता र प्रतिष्ठा कायम गरी आफ्नो ज्ञानलाई उचित दिशातिर लगाएर त्यसको उच्च प्रयोगको बाटोतर्फ निरन्तर लागि स्वास्थ्य विज्ञानको परिवर्तनको वाहकको रुपमा कार्य गर्न प्रतिज्ञा गर्नुहुन्छ ?”

प्रत्येक विद्यार्थीले “म प्रतिज्ञा गर्छु ।” भन्ने छन् ।

**३.५** दीक्षान्त समारोह समापन भई दीक्षान्त प्रोशेसन ग्रेश हलमा फिर्ता नभएसम्म आफ्नो स्थान छोड्न पाईने छैन ।

**३.६** नर्सिङ्ग आमाहरुको लागि सुविधा (Facilities for Nursing Mother) : नर्सिङ्ग आमाहरुको लागि आवश्यक पर्ने सुविधाका लागि दीक्षान्त टोलीका सदस्य/स्वयंसेवकलाई सम्पर्क गर्न सकिनेछ । तपाईको आवश्यक सुविधाका लागि यथासम्भव सहयोग गरिनेछ ।

**३.७** शिष्टाचार (Etiquette)

(क) मोबाईल फोन र अन्य ईलोक्ट्रोनिक्स उपकरण बन्द वा साईलेन्ट मोडमा राख्नुपर्नेछ । विद्यार्थीहरुले दीक्षान्त समारोहमा फोन कल गर्न वा उठाउन पूर्ण निषेध गरिएको छ ।

(ख) मोवाईल फोन, झोला लगायत अन्य सामानहरु स्टेजमा अनुमति हुने छैन र विद्यार्थीका अतिथि/ अविभावकको सिटमा छोड्नुपर्छ ।

(ग) आधिकारिक फोटोग्राफी क्षेत्रभित्र फोटोग्राफी उपकरणको प्रयोग पूर्ण निषेध गरिएको छ । यसको लागि समारोह स्थलमा छुट्टै व्यवस्था हुनेछ । दीक्षान्त सर्टिफिकेट ग्रहण गर्दाको फोटो आधिकारिक फोटो स्टुडियोबाट पछि प्राप्त गर्न सकिनेछ ।

(घ) दीक्षान्त समारोहको बखत विधार्थीहरुले अनुशासन कोडको पालना गनुपर्नेछ ।

**४. कार्यक्रम स्थगित/परिवर्तन/रद्द हुने अवस्थामा**

**४.१** विविध कारण वा काबु बाहिरको परिस्थितिमा घोषित दीक्षान्त समारोह स्थगित/परिवर्तन/रद्द हुनसक्नेछ । सो को जानकारी सम्बन्धित विधार्थी, सरोकारवाला सवैमा सूचना प्रविधिको विविध माध्यमवाट सम्प्रेशन हुनेछ ।